**अनुसूची २**

(दफा ४ तथा अनसूची(१ को भाग(२ सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : १८ मिति : २०७६/०७/०५

भाग-२

चौरजहारी नगरपालिका

प्रमाणित मिति :- २०७६/०७/०५

पहिलो संशोधन मिति :- २०७६/०८/२१

दोस्रो संशोधन मिति :- २०७८/१०/२४

## चौरजहारी नगरपालिकाको नगर बस सेवा सन्चालन तथा व्यवस्थापन निर्देशिका (दोस्रो संशोधन), २०७६

**प्रस्तावना** :

सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच स्थापित गर्न, सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी मैत्री वातावरण सृजना गर्न, सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी र सेवामुखी रुपमा वस सेवा संचालन तथा व्यवस्थापन गर्न, यातायात क्षेत्रमा समयानुकुलको प्रविधिलाई उपयोग गर्न, साझेदारी विकास कार्यक्रमलाई टेवा पुर्‍याउन तथा यातायात सेवामा सुशासन कायम गर्न नगर वस सेवा सन्चालनको लागि आवश्यक निर्देशिकाको व्यवस्था गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी चौरजहारी नगरपालिकाको नगर वस संचालन तथा व्यवस्थापन कार्यविधी २०७५ को दफा ९ को व्यवस्था कार्यान्वयन गर्न चौरजहारी नगर कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

चौरजहारी नगरपालिका

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम " **चौरजहारी नगरपालिकाको नगर वस सेवा सन्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६** " रहेको छ ।

(२) यो निर्देशिका चौरजहारी नगरपालिकाको नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "निर्देशिका" भन्नाले **चौरजहारी नगरपालिकाको नगर वस सेवा सन्चालन तथा व्यवस्थापन निर्देशिका, २०७६** " सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, स्थानीय सरकार सन्चालन ऐन, २०७४ र सो अर्न्तगत रही चौरजहारी नगरपालिकाको नगरसभाबाट स्वीकृत भएका ऐन समेतलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका सदस्य" भन्नाले चौरजहारी नगरपालिकाको नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ ।

(घ) "तोकिएको'' वा ''तोकिए बमोजिम'' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "टिकट" भन्नाले चौरजहारी नगरपालिकाको द्वारा सन्चालित बस सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनुपर्छ । यस शब्दले ई-टिकट, स्मार्ट कार्ड वा यस्तै प्रयोजनका लागि जारी हुने प्रविधिजन्य टिकट समेतलाई बुझाउनेछ ।

(च) ''नगर सभा सदस्य" भन्नाले चौरजहारी नगरपालिकाको नगर सभाको सदस्यलाई सम्झनु पर्छ ।

(छ) ''निर्धारित" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा चौरजहारी नगरपालिकाकाले यातायात व्यवस्थापन सम्बन्धी विषयमा समय समयमा गर्ने निर्णय वा तोकिने मापदण्डलाई सम्झनुपर्दछ ।

(ज) "पार्किङ्ग स्थल" भन्नाले सवारी साधन राख्न निर्धारण गरेको स्थल सम्झनुपर्छ ।

(झ) "प्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) "उपप्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ट) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण सम्झनुपर्छ ।

(ठ) "बस बिसौनी" भन्नाले यात्रुबाहक सार्वजनिक सवारीमा यात्रुलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनुपर्छ ।

(ड) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिका लाई सम्झनुपर्छ ।

(ढ) "संघीय कानुन" भन्नाले संघीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्वन्धी कानुनलाई सम्झनु पर्छ ।

(ण) "प्रदेश कानुन" भन्नाले प्रदेश सभा, कर्णाली प्रदेश बाट जारी भएको यातायात व्यवस्थापन सम्वन्धी कानूनलाई सम्झनु पर्छ ।

(त) "संस्था" वा "कम्पनी" भन्नाले प्रचलित कानुन बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनु पर्दछ ।

चौरजहारी नगरपालिका

(थ) "सार्वजनिक यातायात" भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बस लगायतका सार्वजनिक यातायातका लागि इजाजत प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधन सम्झनु पर्दछ ।
(द) "नगर बस सेवा" भन्नाले चौरजहारी नगरपालिकाको द्वारा सन्चालित नगर वस सेवालाई जनाउने छ ।
(ध) ‘‘सम्बन्धित निकाय" भन्नाले चौरजहारी नगरपालिकाको क्षेत्रभित्र यातायात व्यवस्थापन सम्बन्धमा कामकारबाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय, अन्य स्थानीय सरकार, गैर सरकारी संघसंस्थालाई समेत सम्झनु पर्छ ।
(न) ‘‘सेवा प्रदायक" भन्नाले सार्वजनिक यातायात सेवा संचालन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापित संघसंस्था, कम्पनी वा व्यक्ति सम्झनु पर्छ ।
(प) "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधनलाई सम्झनु पर्छ ।
(फ) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँ सम्म यात्रुवा मालसामान ओसार पसार गर्ने कार्य सम्झनु पर्छ ।
(फ) "यात्रु" भन्नाले सार्वजनिक सवारी बाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।
(ब) "मालसामान" भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसार पसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ ।
(भ) "चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।
(म) "चालक अनुमतिपत्र" सवारी साधन चलाउन पाउने गरी अधिकारप्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र लाई सम्झनु पर्छ ।
(य) "परिचालक" भन्नाले अधिकारप्राप्त अधिकारी बाट परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य चेकर तथा हेल्पर समेतलाई जनाउँछ ।
(र) "बस विसौनी" भन्नाले यात्रुवाहक सार्वजनिक सवारीमा यात्रुलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित गरिएको ठाउँ सम्झनु पर्छ ।
(ल) "अनुगमन समिति" भन्नाले नगरवस सुचारु रुपमा संचालन तथा व्यवस्थापनको लागि गठित नगर बस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिलाई जनाउनेछ ।
(व) "समिति भन्नाले" चौरजहारी नगर कार्यपालिकाको बैठकबाट गठन हुने समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## टिकट सम्बन्धी व्यवस्था

**३. टिकटको प्रयोग :**
(१) बस संचालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्रु टिकटहरु प्रयोग गर्न सकिनेछ ।
(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नु पर्नेछ ।

**४. टिकट अनिवार्य दिनुपर्ने :**
(१) सवारी साधन बसमा चढनुभन्दा पहिले वा चढे लगत्तै वा वसबाट झर्नु भन्दा पहिले यात्रुहरुसँग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित परिचालकको हुने छ ।
(२) विद्युतीय टिकट रहेको खण्डमा इ-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्नेछ ।
(३) यात्रु टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ ।

चौरजहारी नगरपालिका

(४) यात्रुटिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ अश्लील  सामाग्री तथा सार्वजनिक हित विपरीत हुने सामाग्रीको प्रयोग तथा विज्ञापन गर्न पाइने छैन ।

**५. टिकट अनिवार्य लिनुपर्ने :** चौरजहारी नगरपालिकाकाले रुट कायम गरी सञ्चालन गर्ने साधन बसको प्रयोग गर्ने यात्रुले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै वा सवारीबाट झर्नुभन्दा पहिले अनिवार्य रुपमा निर्धारित भाडा तिरी टिकट लिनुपर्नेछ ।

**६. सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्ने :** (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, शहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई देहाय बमोजिम निर्धारण गरिएको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ ।

(क) पाँच वर्ष मुनिका बालबालिकालाई कुनै शुल्क नलाग्ने,

(ख) जेष्ठ नागरिक परिचय पत्र प्राप्त नागरिकहरुलाई कुनै शुल्क नलाग्ने,

(ग) हटाउने

(घ) अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनयुद्ध, जनआन्दोलनका घाइते, शहिद परिवारलाई कुनै शुल्क नलाग्ने, र विद्यार्थीहरुलाई टिकट दरमा पचास प्रतिशत छुट दिने,

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रुले सम्बन्धित निकायबाट जारी भएको परिचय पत्र  वा छुटको सिफारिस पत्र देखाउनु पर्नेछ ।

(३) उपदफा १ (घ) बमोजिमको सहुलियत भाडा रकम लिदा पाँच ले भाग जाने अंक हुनेछ ।

(३)  अन्य छुट सम्बन्धमा यातायात व्यवस्था कार्यालयको नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद-३
## नगरपालिकाको बस संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको दायित्व

७. **व्यक्ति संस्था वा कम्पनीको दायित्व :** (१) चौरजहारी नगरपालिकाकाले व्यक्ति, संस्था, कम्पनी वा साझेदारी मार्फत पनि नगर बस सेवा सन्चालन गर्न गराउन सक्ने छ । त्यसरी वस संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको सम्झौतापत्रमा उल्लेखित शर्तको परिपालनाको साथसाथै देहाय बमोजिमको दायित्व हुनेछ :-

(क) यात्रुहरुलाई निर्धारित बस बिसौनी बाट मात्र चढाउने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

(ख) यात्रुवर्ग, उपभोक्ता वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र परिचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने/गराउने,

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

(च) अपांगता भएका व्यक्ति, महिला, असक्त, बालबालिका, जेष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति वसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

चौरजहारी नगरपालिका

(छ) चालक र परिचालकले प्रचलित कानुन बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामाग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,
(झ) सवारी साधनमा नगरपालिकाको स्वीकृतिबेगर विज्ञापन नगर्ने,
(ञ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा वस सञ्चालन गर्दा नगरपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडालिने व्यवस्था मिलाउने,
(ट) कार्तिकदेखि माघ मसान्तसम्म बिहान ६ बजेदेखि साझँ ७ बजेसम्म र बाँकी अन्य महिनाको हकमा बिहान ५ बजेदेखि साझँ ७ बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा बस सेवा संचालन गर्नुपर्ने र आवश्यकता अनुसार अन्य समयमा पनि सेवा संचालनको व्यवस्था मिलाउने,
(ठ) सम्बन्धित निकाय वा नगरपालिकाले समय-समयमा तोकेको मापदण्ड को पूर्ण रुपमा परिपालना गर्ने,
(ड) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने,
(ढ) नगरपालिकाबाट हुने नियमन, अनुगमन कार्यमा सहयोग र समन्वय गर्ने,
(ण) नगरपालिकाबाट समय समयमा दिइने निर्देशनको अनिवार्य रुपमा परिपालना गर्ने/गराउने ।
(२) नगर वस संचालन गर्ने व्यक्ति संस्था वा कम्पनीले देहायको कार्य गर्ने गराउने तर्फ समेत आवश्यक पहल गर्नुपर्नेछ :
(क) यात्रुको सुरक्षा व्यवस्था र अनुगमनका लागि सार्वजनिक यातायातका साधनमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने/गराउने,
(ख) उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने,
(ग) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्विलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने,
(घ) यात्रुवर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवा सम्बन्धी जानकारी दिन टोल फ्री-नम्बर, नोटिस बोर्ड सेवा, ईमेल, वाईफाई, सामाजिक संजाल, भ्वाईसमेल लगायतका प्रविधि जडान गर्ने,
(ङ) सार्वजनिक यातायात सेवा सम्बन्धमा मोवाईल र कम्प्युटरबाट सवारी साधनको आगमन तथा रुटहरुको अवस्थितिहरु प्रत्यक्ष देखिने जीपीएस ट्रयाकिङ्ग जडान गरी एप्स प्रयोगमा ल्याउन,
(च) यात्रुहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक- रुपमा मान्य हुने टिकटहरु जारी गर्ने,

धौरहरा नगरपालिका

## परिच्छेद- ४
## सवारी चालक, परिचालक तथा यात्रुसम्बन्धी व्यवस्था

**८. सवारी चालक :** देहायको योग्यता पुगेको नेपाली नागरिक नगर बसको चालक हुन योग्य मानिनेछ :
(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,
(ख) शारीरिक तथा मानसिकरुपमा स्वस्थ्य रहेको,
(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

**९. परिचालक :** देहायको योग्यता पुगेको नेपाली नागरिक नगर वसको परिचालक हुन योग्य मानिनेछ :

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको परिचालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको,

**१०. चालक, परिचालक तथा यात्रुलाई प्रशिक्षण :** (१) नगरपालिकाले नगर वस सन्चालन संग सम्बन्धित चालक, परिचालक तथा यात्रुहरुलाई सार्वजनिक यातायात सम्बन्धी आधारभूत ज्ञान, सीप, प्रचलित कानूनी व्यवस्था तथा यात्रुसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा वस सन्चालन सम्बन्धी सेवा प्रदायक व्यक्ति, संस्था वा कम्पनीले आफ्ना चालक तथा परिचालककहरुलाई अनिवार्यरुपमा सहभागी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालक तथा परिचालककहरुलाई नगरपालिकाबाट अनूसूची-४ बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गरिनेछ ।

(४) नगर वसको प्रयोग गर्ने यात्रुतथा पैदल यात्रुलाई यात्रुअनुशासन तथा आचरण सम्बन्धमा सचेतनामूलक प्रशिक्षण दिइनेछ ।

(५) चालक तथा सहचालकबाट कुनै अनैतिक कार्य गरेमा वा कार्य सन्तोष जनक नभएमा चालक तथा सहचालकलाई निलम्बन, बर्खास्त र खारेजी गरिने छ ।

## परिच्छेद-५
## कर्तव्य तथा निषेधित कार्यहरु

**११. यात्रुको कर्तव्य :** (१) नगर वस सेवा प्रयोग गर्ने यात्रुले चालक, परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम यातायातको साधन वसमा यात्रा गर्दा देहायका कार्य गर्नु हुदैंन :

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्न,

(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने,

(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्न,

(ङ) म्याद समाप्त भएका परिचयपत्र देखाई भाडा छुटका लागि दावी गर्ने,

(च) नक्कली परिचयपत्रबाट सुविधा लिन प्रयत्न गर्न,

(छ) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर संकलन गर्न राखिएको भाँडो- बाहेक अन्यत्र जथाभावी फाल्ने,

(ज) यातायातको साधनभित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(झ) यातायातका साधनमा जडान भएका भौतिक सामाग्रीहरुमा क्षति पुऱ्याउने,

(ञ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने, त्यस्तै प्रकृतिका सामाग्रीहरु हेर्ने,

(ट) झगडा गर्ने, डरधाक धम्की दिने,

(ठ) यातायातका साधनमा आगो लगाउने, सिसा फुटाउने,

(ड) यौनजन्य दुर्व्यवहार गर्ने,

(ढ) लागुऔषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गर्न प्रोत्साहित गर्ने,

(ण) बगली मार्ने वा अन्य चोरी गर्ने,

(त) जिस्काउने, होच्याउने, विभेद गर्ने,

(थ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१२. चालकको कर्तव्य :** (१) नगर वस सेवा संचालन गर्ने चालकले यात्रुपरिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यबहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर वस सेवा संचालन गर्ने चालकले देहायका कार्य गर्नु हुदैंन:

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,

(ख) यात्रुसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,

(घ) बस बिसौनीमा निर्धारित समय भन्दा बढी समय सवारी साधन रोक्ने,

(ङ) जेब्रा क्रसिङ्गमा पैदलयात्रुलाई प्राथमिकता नदिने,

(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने,

(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,

(ज) जथाभावी पार्किङ्ग गर्ने,

(झ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,

(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,

(ट) यौनजन्य दुर्व्यवहार गर्ने,

(ठ) जिस्काउने, होच्याउने र विभेदजन्य व्यवहार गर्ने,

(ड) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने,

**१३. परिचालकको कर्तव्य :** (१) नगर वस सेवा संचालनमा संलग्न परिचालकले यात्रु, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यबहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर वस सेवा संचालनमा संलग्न परिचालकले देहायका कार्य गर्नु हुदैंन:

(क) यात्रुसँग निर्धारित भन्दा बढी रकम असुल गर्ने,

(ख) टिकट दिन इन्कार गर्ने,

(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,

(घ) यात्रुसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ङ) निर्धारित पोशाक नलगाई नगर वस संचालनको परिचालकको काम गर्ने,

(च) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(छ) यौनजन्य दुर्व्यवहार गर्ने,

(ज) जिस्काउने, होच्याउने, विभेदजन्य कार्य गर्ने

(झ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१४. पैदल यात्रुको दायित्व :** (१) मानिस हिड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिड्नु पर्नेछ । पेटी नभएको सडकमा हिड्दा सो सडकको किनारा तर्फबाट हिड्ने गर्नु पर्नेछ ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा-क्रसिंङ्ग, सव-वे, ओभरहेड-ब्रिज वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ ।

(३) सडक पेटीमा यात्रा गर्न पैदल यात्रुले तोकिए बमोजिमको सडक अनुशासन तथा आचारसंहिता पालना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदल यात्रुले देहायका कार्य गर्नु हुदैंन :

(क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने,

(ख) आफूले उत्सर्जन गरेको फोहोर सडक तथा सार्वजनिक स्थानमा फाल्ने,

(ग) सडक, पेटी तथा वरपरका स्थानहरुमा आवत जावतलाई असर पर्ने गरी अनावश्यक रुपमा भेला हुने, भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने,
(घ) नगरपालिकाले समय समयमा गर्न नहुने भनी तोकिएको कार्यहरु गर्ने ।

## परिच्छेद-६
## नगर वस सन्चालन हुने रुट सम्वन्धी व्यवस्था

**१५. नगर वस सन्चालन हुने रुट :** (१) नगर वस सन्चालनको लागि तत्काल अनुसुचि १ मा व्यवस्था भए बमोजिम हुनेछ ।
(२) अवस्था र आवश्यकताको आधारमा कार्यपालिकाको निर्णय अनुसार रुट थपघट गर्न सकिने छ ।

## परिच्छेद-७
## यात्रु भाडाको दर सम्वन्धी व्यवस्था

**१६. यात्रु भाडा दर** : (१) नगर वस सन्चालनको लागि तत्काल अनुसुची २ बमोजिमको यात्रु भाडा दर निर्धारण गरिएको छ । इन्धन लगायतका पदार्थको मुल्यमा हुने परिवर्तनको आधारमा तोकिएको भाडादरमा थप-घट गर्न सकिने छ :

## परिच्छेद-८
## सवारी चालक र परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा सम्वन्धी व्यवस्था

**१७. सवारी चालक तथा परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा :** (१) सवारी चालकको पारिश्रमिक तथा तलव भत्ता लगायतका सेवा सुविधा अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ र आवश्यकता अनुसार तोकिएको सेवा सुविधामा हेरफेर गर्न सकिनेछ ।

## परिच्छेद-९
## सवारी चालक र परिचालकको विदा सम्वन्धी व्यवस्था

**१८. सवारी चालक र परिचालकको विदा :** (१) सवारी चालक तथा परिचालकको विदा सम्वन्धी सुविधा देहाय बमोजिम हुनेछ :
(१) भैपरी आउने विदा वर्षमा ६ दिन दिइनेछ ।

## परिच्छेद-१०
## अनुगमन समिति सम्वन्धी व्यवस्था

**१९. अनुगमन समिति :** (१) सवारी चालक, सेवा-प्रदायक व्यक्ति, संस्था, कम्पनीले सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय नगर वस सेवा सञ्चालन गरे नगरेको, चालक, परिचालक तथा यात्रुले प्रचलित कानून तथा निर्देशिका बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानून बमोजिम कारवाही गर्न/गराउन र आवश्यक कारवाहीको सिफारिश गर्न देहाय बमोजिमको नगर वस सन्चालन तथा व्यवस्थापन अनुगमन समिति गठन हुनेछ :

नगर प्रमुख संयोजक,
वडा अध्यक्ष तीन जना (वडा नं. ३, ९, ११ र १४ ) सदस्य,
प्रमुख प्रशासकीय अधिकृतले तोकेका नगरपालिकाका कर्मचारी तीन जना सदस्य,
योजना शाखा प्रमुख सदस्य सचिव हुनेछ ।

## परिच्छेद-११
## अनुगमन समितिको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था

**२०. अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** (१) नगर वस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जुनसकै स्थान तथा समयमा पनि नगर वस सेवाको नियमन, अनुगमन र चेकजाँच गर्ने,

(ख) आवश्यक निर्देशन दिने, आवश्यक कारवाही गर्ने, थप कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(२) नगर वस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिले दिएको निर्देशनको पालना गर्नु सेवा प्रदायक व्यक्ति निकाय तथा संस्था, सवारी चालक, सवारी परिचालक, यात्रु, जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी लगायत सवैको कर्तव्य हुनेछ ।

(३) अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(४) यस दफामा लेखिएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने कुनै पनि कारवाही गर्न बाधा पुगेको मानिने छैन ।

(५) यस दफा बमोजिम नगर बस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिले गरेको कारवाहीका सम्बन्धमा चित्त नबुझ्ने पक्षले कारवाही वा सजाय भएको मितिले पन्ध्र दिन भित्र नगरपालिकाको प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(६) नगर प्रमुखले पुनरावेदनको रोहमा गरेको निर्णय अन्तिम हुनेछ ।

(७) यस परिच्छेद बमोजिम भएको नगर बस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिले गरेको अनुगमन र कारवाहीको अभिलेख अद्यावधिक गरी गराई त्रैमासिक रुपमा नगरकार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु अनुगमन समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद-१२
## विविध

**२१. यात्रुबिमा सम्वन्धी व्यवस्था :** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रुको प्रचलित कानूनले तोके बमोजिम बिमा गर्नुपर्नेछ ।

**२२. नगर वस संचालन सम्बन्धी बिशेष व्यबस्था :** नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध संघ-संस्था तथा व्यक्तिहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा नगरवसको संचालन तथा व्यस्थापन गर्न सक्नेछ ।

**२३. बाधा-अड्काउ फुकाउने अधिकार :** यस निर्देशिकाको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा-अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा-अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ । त्यसरी कार्यपालिकाबाट भएको बाधा-अड्काउ सम्वन्धी निर्णय प्रस्तुत निर्देशिकाको अभिन्न अंग मानिनेछ ।

गोरखा नगरपालिका

**२४. प्रचलित कानुन बमोजिम हुने :** यस निर्देशिकामा उल्लेख नभएका बिषयमा प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछ ।

**२५. निर्देशिका संशोधन :** चौरजहारी नगरपालिकाकोको नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम यस निर्देशिकामा उल्लेखित व्यवस्थाको संशोधन तथा थपघट गर्न सकिनेछ ।

**२६. मापदण्ड बनाउने अधिकार :** नगर कार्यपालिकाले यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**२७.** यस नगरपालिकामा खरिद भएका बसहरु संचालनका लागि तिन जना भारी (हेभी) सवारी चालक र तिन जना बस परिचालकको व्यवस्था गरिनेछ । बसहरु थपघट भएमा चालक र परिचालक पनि थपघट गर्न सकिनेछ ।

**अनुसुची १**
**(दफा १५ संग सम्बन्धीत)**

(१) चौरजहारीको नाखिरा देखी स्यालखोला हुदै नगरपालिका सम्म
(२) चौरजहारी वसपार्क देखी विजयश्वरी मेलैनाउली नार्जी चौफा हुदै नुवाकोट डाँडा सम्म ।
(३) चौरजहारी देखी कोटजहारी न्याउली बजार सम्म ।
(४) चौरजहारी देखी अमलाटाकुरा सम्म ।
(५) चौरजहारी देखी खहरे हुदै लहरेसिमल सम्म ।
(६) चौरजहारी देखी सदरमुकाम मुसिकोट खलंगा सम्म ।
(७) बसपार्क देखि चिप्लेटी हुँदै नाउला ।

चौरजहारी नगरपालिका

**अनुसुचि २**
**(दफा १६ सँग सम्बन्धीत)**

| क्र.सं. | स्थान | | जम्मा रु |
|---|---|---|---|
| | देखी | सम्म | |
| १ | बसपार्क | विजयश्वरी | २० |
| २ | विजयश्वरी | मेलैनाउली | २० |
| ३ | मेलैनाउली | नार्जि | २० |
| ४ | नार्जि | शान्तिबजार | २० |
| ५ | शान्तिबजार | चौफा | २० |
| ६ | चौफा | एकौली | २० |
| ७ | एकौली | रातामाटा | २० |
| ८ | रातामाटा | साक्चा | २० |
| ९ | साक्चा | लामाडाँडा | २० |
| १० | लामाडाँडा | विचकटीया | २० |
| ११ | विचकटीया | नाउली | २० |
| १२ | चौरजहारी | नाउली | २०० |
| १३ | चौरजहारी | चौफा | १०० |
| १४ | चौरजहारी | मेलैनाउली | ४० |
| १५ | चौरजहारी | नार्जी | ६० |
| १६ | चौरजहारी | शान्तिबजार | ८० |
| १७ | चौरजहारी | कोटजहारी स्कूल | १०० |
| १८ | मेलैनाउली | काप्रा | ५० |
| १९ | चौरजहारी | चाइनावगर | २०० |
| २० | चौरजहारी | सिम्ली | ३०० |
| २१ | चौरजहारी | मुसिकोट खलंगा | ४०० |
| २२ | चौरजहारी भ्याली भित्र सबै ठाँउका लागि भाडा दर | | २० |

***नोट : चौरजहारी मुसिकोट खलंगा रुट अन्तर्गत भाडा नतोकिएको स्थानको हकमा प्रति कि.मि.८ रुपैयाका दरले भाडा लाग्नेछ ।***

चौरजहारी नगरपालिका

**अनुसुचि ३**
**(दफा १७ सँग सम्बन्धीत)**

**चालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा सम्बन्धी व्यवस्था :**

(१) मासिक रुपमा पारिश्रमिक वापत रु.१५,०००।-
(२) चाडपर्व भत्ता उपलब्ध गराइने छ ।
(३) पोशाक उपलब्ध गराइने छ ।
(४) अतिरिक्त समय काम गरे वापत सम्झौतामा उल्लेख भए बमोजिम रकम उपलब्ध गराइने छ ।
(५) खाना नास्ता वापत दैनिक रु. ५००/- उपलब्ध गराइनेछ ।

**परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा सम्बन्धी व्यवस्था :**

(१) मासिक रुपमा पारिश्रमिक वापत रु.८,०००।-
(२) चाडपर्व भत्ता पाउनेछ ।
(३) पोशाक उपलब्ध गराइने छ ।
(४) अतिरिक्त समय काम गरे वापत सम्झौतामा उल्लेख भए बमोजिम रकम उपलब्ध गराइने छ ।
(५) खाना नास्ता वापत रु.७५००।– उपलब्ध गराईने छ ।

धौरजहरि नगरपालिका

**अनुसूची-४**
**(दफा १० को ३ सँग सम्बन्धीत)**
चौरजहारी नगरपालिका नगर वस चालक/परिचालक
**परिचय-पत्र**

चालक/परिचालकको नाम, थर :
ठेगाना :
चालक/परिचालक परिचयपत्र नं.
लाइसेन्स नं :
सम्पर्क नं.

फोटो

.............
प्रमाणित गर्नेको दस्तखत

**आज्ञाले,**
नाम : गोकुल ढंगेल
प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका